# प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्(CTEVT)
# कोशी प्रदेश कार्यालय
## ईटहरी,सुनसरी,नेपाल।

## डिप्लोमा/प्रमाणपत्र तहको बर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फका कार्यक्रमहरुको प्रवेश परीक्षाको नतिजा प्रकाशन गरिएको सम्वन्धी अत्यन्त जरुरी सूचना ।

(सूचना प्रकाशित मिति २०८१।०४।२३)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति२०८१/०३/१५ गते प्रकाशित सूचना अनुसार मिति २०८१/०४/१२ गते संचालित डिप्लोमा तथा प्रमाणपत्र तहका बर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फका Nursing र Pharmacy कार्यक्रमको मिति २०८१/०४/१२ गते ८;०० बजे तोकिएका परीक्षा केन्द्रहरुमा संचालन गरिएको प्रवेश परीक्षामा सम्मिलित भई **"डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति बितरण तथा भर्ना सम्वन्धी निर्देशिका २०८१"** अनुरुप लिखित परीक्षाको प्राप्तांक र एस.एल.सी/एस.इ.इ को शैक्षिक प्रमाणपत्रहरु बापत तोकिएका अंकको योगफल गरी स्वीकृत कार्यक्रमहरुको बर्ग, कोटाको योग्यताक्रम बमोजिम मिति २०८१।०४।२२ गतेको निर्णयानुसार मुख्य उम्मेदवार, उत्तीर्ण सूची र रद्ध गरिएकाहरुको सुची प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । मुख्य उम्मेदवारको रुपमा छनौट भई भर्नाका लागि सिफारिश भएका उम्मेदवारहरु मिति २०८१।०४।३२ गते कार्यालय समय भित्रमा आफनो प्रवेश पत्र, नतिजाको प्रति, शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता वा जन्मदर्ता, छनौट भएको लक्षित बर्गको सक्कल प्रमाणपत्रहरु, फोटो सहित तोकिएको शिक्षालयमा भर्ना हुन जानु हुन जानकारी गराइन्छ । सम्वन्धित शिक्षालयले यसै सूचनालाई आधार मानी भर्ना सम्वन्धी निर्देशिका र सूचनामा उल्लेख भए बमोजिम परीक्षार्थीहरुले पेश गरेका सक्कल प्रमाणपत्र र कागजातहरु शिक्षालयका प्राचार्यले रुजु गरेर मात्र भर्ना गर्न गराउनु हुन अनुरोध छ । साथै भर्नाका लागि तोकिएका शिक्षालयका कार्यक्रमहरुमा भर्ना हुन तोकिएको अन्तिम मितिसम्ममा भर्ना हुन नआएका परीक्षार्थीहरुको जानकारी परिषद, कोशी प्रदेश कार्यालयको इमेल ठेगाना ctevt.koshi@gmail.com मा अनिवार्य रुपमा भर्ना सम्वन्धी निर्देशिकाको दफा २६(ख) बमोजिम ३ दिन भित्रमा अनिवार्य रुपमा लिखित जानकारी गराउनुपर्नेछ ।

विस्तृत जानकारीका लागि www.ctevtp1.org.np वा www.ctevtexam.org.np मा हेर्नु होला ।

का.मु.निर्देशक